मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

**मालिका गाउँ कार्यपालिकाको ७३ औं बैठक/स्थान:अध्यक्ष ज्यूको कार्यकक्ष**

मिति २०८२ साल चैत्र महिनाको २० गते शुक्रबार

अध्यक्षता: श्रीमान् बेग प्रसाद गर्बुजा ज्यू ,गाउँपालिका अध्यक्ष

उपस्थिति:

| क्र.सं | नाम,थर | पद/कार्यालय | हस्ताक्षार |
|---|---|---|---|
| १. | श्री बेग प्रसाद गर्बुजा | अध्यक्ष, मालिका गा.पा. | |
| २. | श्री लक्ष्मी देवि घर्ति मगर पुन | उपाध्यक्ष,मालिका गा.पा. | |
| ३. | श्री टंक प्रसाद पुन | वडा अध्यक्ष, मालिका-१ | |
| ४. | श्री उदय कुमार बुढाथोकी | वडा अध्यक्ष,मालिका-२ | |
| ५. | श्री मोति प्रसाद बुढा | वडा अध्यक्ष,मालिका-३ | |
| ६. | श्री ~~भजेन्द्रमान पुन~~ का.वा. गोमे गुरुङ | वडा अध्यक्ष,मालिका-४ | |
| ७. | श्री ~~मिम पुन~~ नविन घर्ती पुन | का.वा.वडा अध्यक्ष,मालिका-५ | |
| ८. | श्री पथ बहादुर रोका | वडा अध्यक्ष,मालिका-६ | |
| ९. | श्री टक बहादुर पुन | वडा अध्यक्ष,मालिका-७ | |
| १०. | श्री अनुप गौचन | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| ११. | श्री मन कुमारी पुन | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १२. | श्री प्रतिक्षा वि.क. | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १३. | श्री देवि पटेल | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १४. | श्री छरदेवी घर्ती | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १५. | श्री दल बहादुर खड्काथोकी | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १६. | श्री हरिश्चन्द्र ढकाल | प्र.प.अ.,मालिका गा.पा. | |
| | | **अन्य उपस्थिति** | |
| १७. | आराम थापा मगर | प्र. अ. | |
| १८. | सुशिल गर्बुजा | सू. प्र. अ. | |
| १९. | बसन्त थापा मगर | स. प्र. अ. | |

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरवाङ्ग, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

## निर्णयहरु:

**प्रस्ताव नं. १: आर्थिक सहयोग सम्बन्धमा ।**

**निर्णय:** म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं.५ साविक देविस्थान गा.वि.स.वडा नं.६ निवासी वर्जु बुढाथोकीको छोरा मह बुढाथोकी उच्च रक्तचापका कारण शरिरको दाहिने भाग पूर्ण रुपमा नचल्ने भएको, हाल पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचारत रहेको र आर्थिक अवस्था न्युन ,कमजोर भएको हुँदा उपचार खर्च स्वरुप रु १५ हजार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २: LGPAS सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिकाको मूल्याङ्कन आर्थिक वर्ष २०८१/०८२ को **LGPAS** मा प्रविष्ट विवरण तथा स्वमूल्याङ्कन माथि छलफल सहित सदर गरियो । साथै पृष्ठपोषण तथा मुल्याङ्कनका लागि जिल्ला समन्वय समितिको कार्यालय तथा तालुक निकायमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३: अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिकाका उपाध्यक्ष एवम् अनुगमन समितिका संयोजक श्री लक्ष्मी देवि घर्ति मगर पुनज्यूको संयोजकत्वमा अनगमन भएको विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन सदर गरियो ।

**प्रस्ताव नं. ४: योजना फरफारक सम्बन्धमा ।**

**निर्णय:**मालिका गाउँपालिकाको आ.व.२०८२/०८३ को वार्षिक स्वीकृत विकास कार्यक्रममा समावेश भएको देहाय वमोजिमका योजना तथा कार्यक्रमहरु लागत इस्टिमेट तथा प्राविधिक स्पेशिफेशन बमोजिम सम्पन्न भएको हुँदा फरफारक गरी नियमानुसारको रकम उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं | योजना तथा कार्यक्रमको विवरण | कार्यान्वयन स्थल | विनियोजित रकम | कै. |
|---|---|---|---|---|
| १. | सानिङ मोटरबाटो निर्माण | मालिका-७ विम | ७ लाख | |
| २. | कालो पहरा खानेपानी मर्मत | मालिका-३ सेर | २ लाख | |
| ३. | पाकपानी पदमार्ग निर्माण | मालिक-३ किटिनी | १ लाख | |
| ४. | थकाली सेवा भवन मर्मत | मालिक-६ रातोढुङ्गा | ५ लाख | |

**प्रस्ताव नं. ५: वडा स्तरिय विपद् व्यवस्थापन समिति गठन सम्बन्धमा ।**

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरवाङ्ग, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

**निर्णयः** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ बमोजिम मालिका गाउँपालिकाका ७ वटै वडाहरुमा ऐ. ऐनको दफा ६ बमोजिमको वडा स्तरिय विपद् व्यवस्थापन समिति मिति २०८२/१२/३० गते भित्र गठन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६: ल्याण्ड फिल्ड साइड निर्धारण सम्वन्धमा ।**

**निर्णयः** मालिका गाउँपालिकाको फोहोर व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साइडका रुपमा ऐ.ऐ.वडाको छ्यारछ्यारेलाई निर्धारण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७: एक वडा एक उत्पादन निर्धारण सम्वन्धमा ।**

**निर्णयः** मालिका गाउँपालिकाको दिर्घकालिन आर्थिक वृद्धि, रोजगारी सिर्जना तथा स्थानीय उत्पादनलाई प्रवर्द्धन ,बजारिकरण तथा व्यवसायिकरण लागि देहाय वमोजिमका उत्पादकत्वलाई एक वडा एक उत्पादन निर्धारण गर्ने निर्णय गरियो ।

| क्र.सं | वडा नं. | कृषि उपजको नाम | कै. |
|---|---|---|---|
| १. | मालिका गाउँपालिका वडा नं. १ | कोदो र जौ | |
| २. | मालिका गाउँपालिका वडा नं. २ | अल्लो, किवी, आलु, जौ र भाङ्गो | |
| ३. | मालिका गाउँपालिका वडा नं. ३ | भाङ्गो र सुन्तला | |
| ४. | मालिका गाउँपालिका वडा नं. ४ | आलु ,केरा र सुन्तला | |
| ५. | मालिका गाउँपालिका वडा नं. ५ | सुन्तला र टिमूर | |
| ६. | मालिका गाउँपालिका वडा नं. ६ | फापर ,टिमूर, जौ ,भट्टमास र सिमी | |
| ७. | मालिका गाउँपालिका वडा नं. ७ | सुन्तला र केरा | |

**प्रस्ताव नं. ८: असाधारण बिदा स्वीकृत सम्वन्धमा ।**

**निर्णयः** सेवा ,समूह तथा उपसमूहलाई उपयोगी तथा आवश्यक हुने विषयमा उच्च शिक्षा अध्ययनका लागि मालिका गाउँपालिका वडा नं. १ निस्कोट स्वास्थ्य चौकीमा कार्यरत सि.अ.न.मी. श्री भावना भण्डारी ( क.सं.नं.२३३४९६) बेलायत जान लागिरहनु भएकाले निजको १ वर्षको असाधारण बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९: कक्षा थप अनुमति सम्वन्धमा ।**

**निर्णयः** गाउँपालिकाको वार्षिक स्वीकृत विकास कार्यक्रममा समावेश भएको देहाय वमोजिमका शैक्षिक अनुदान कार्यक्रमहरु सम्पन्न भएको हुँदा नियमानुसारको रकम देहायको संस्थालाई भुक्तानी दिने निर्णय गरियो ।

| क.सं | कार्यक्रमको विवरण | शैक्षिक संस्थाको विवरण | विनियोजित/भुक्तानी रकम | कै. |
|---|---|---|---|---|
| १. | मंगला शिक्षा क्याम्पस सञ्चालन अनुदान | मंगला शिक्षा क्याम्पस | ३ लाख | |
| २. | म्याग्दी वहुमूखी क्याम्पस शैक्षिक अनुदान | म्याग्दी वहुमूखी क्याम्पस | ४ लाख | |